# सार्वजनिक परिक्षण कार्यक्रमको प्रतिवेदन
# जुगल गाउँपालिका
# २०८१

**सहजिकरण गर्ने संस्थासामूदायिक विकास तथा सञ्चार प्रतिष्ठान**
**मेृलम्ची सिन्धुपाल्चोक )**

विषय सूचि :

१. पृष्ठभूमि :..............................................................
२. सार्वजनिक परिक्षण कार्यक्रमको औचित्य ...............................
३. सार्वजनिक परिक्षण कार्यक्रमको उद्देश्य ...................................
४. सार्वजनिक परिक्षण कार्यक्रमको विवरण .................................
५. सार्वजनिक परिक्षण कार्यक्रममा छलफल गरिएका प्रतिवेदन......................
६. सार्वजनिक परिक्षण कार्यक्रममा छलफल गरिएका विषयवस्तु ................
७. सार्वजनिक परिक्षण कार्यक्रममा भएको उपस्थिति ............
८. सार्वजनिक परिक्षण कार्यक्रमका जिज्ञासा, प्रश्न तथा जवाफ.........
९. सार्वजनिक परिक्षण गर्न अपनाइएका विधिहरु..................
१०. सार्वजनिक परिक्षण कार्यक्रमबाट भएका सिकाईहरु .....................
११. सार्वजनिक परिक्षण कार्यक्रमको महत्व..........................
१२. सुझाव ...................................
१३. निष्कर्ष ...................................

# जुगल गाउँपालिका सार्वजनिक परिक्षण
## २०८१
## प्रतिवेदन

### १ पृष्ठभूमि :

स्थानीय तहको योजना तर्जुमा, निती कार्यक्रमहरुका स्थानीय वासिन्दामा जानकारी सहित कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ। तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन्। कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, र जनसभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक परिक्षण कार्यक्रम गर्ने चलन रहेको छ । कुनै पनि तह वा निकायबाट भए गरेका कामहरुलाई स्थानीय वासिन्दा तथा सरोकार वालाहरु माझ प्रस्तुत गरेर सार्वजनिक गरिसकेपछि सार्वजनिक रुपमा नै जनताबाट जाँचेर प्रमाणित गराउने विधीलाई सार्वजनिक परिक्षण भनिन्छ। यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व, र विकास सँग सम्बन्धित रहन्छ।

जुगल गाउँपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक परिक्षण कार्यविधि अनुसार सार्वजनिक परिक्षण गर्ने गरी व्यवस्था मिलाइएको छ। तीनै व्यवस्थाहरुमध्ये २०८१ चैत्र १५ गते सञ्चालन गरिएको पालिका स्तरिय सार्वजनिक परिक्षण योजना, आयोजना तथा सम्पादन गरेका समग्र कार्यहरुको विषयमा केन्द्रित भएर कार्यक्रम सञ्चालन भएको हो ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागितामुलक र सुशासन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ । यसका साथै स्थानीय सरकार सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४, सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४, स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, सुशासन ऐन २०६४, सूचनाको हक ऐन २०६४, क्षतिपूर्ति सहितको नागरिक वडापत्र २०६९ लगायतले सुशासन प्रवर्द्धनका लागि जोड दिएको छ ।

स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवाप्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको छ। यसै सन्दर्भमा सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण तथा सहकार्यमा सामूदायिक विकास तथा सञ्चार प्रतिष्ठान मेलम्चीबाट सहजिकरण गरिएको थियो।

**२. सार्वजनिक परिक्षणको औचित्य :**

जुगल गाउँपालिकाको कार्यविधिमा व्यवस्था भए अनुसार आर्थिक वर्ष २०८१/०८२ को विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक परिक्षण गर्नुपर्ने कुरा उल्लेख छ। जुगल गाउँपालिकाको दोश्रो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माणका कार्यहरु तथा स्थानीयको लागि पुऱ्याएको सेवा सुविधाहरुको बारेमा सेवाग्राहीको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामि दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यहरुका लागि सार्वजनिक परिक्षण गर्ने कार्यले भुमिका खेलेको छ। कानुनी शासन, सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याएको छ। राज्यले सार्वजनिक परिक्षण कार्यलाई सूचनाको हक दिलाउने एउटा महत्वपूर्ण औजारको रुपमा राखिएकोले पनि सार्वजनिक परिक्षणको महत्व र अपरिहार्यता प्रष्ट पार्दछ।

**३. सार्वजनिक परिक्षण कार्यक्रमको उद्देश्य :**

सार्वजनिक परिक्षण गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष २०८१।०८२ मा गाउँपालिकाबाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा जनताको बुझाई र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु हो। यसका विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन्।

- गाउँपालिकाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न।
- गाउँपालिकाको निति कार्यक्रम र योजना अनुरुप काम भए नभएको सेवाग्राही तथा सरोकारवालाहरुबाट परिक्षण गर्ने गराउने।
- गाउँ/नगरको सेवा एवं विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न।
- स्थानीय तहबाट प्रवाह हुने सेवा, सुविधा तथा वस्तुका बारेमा सेवाग्राही नागरिकबाट पृष्ठपोषण लिन।
- स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा सेवा प्रवाहलाई गुणस्तरीय बनाउन।
- सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी सार्वजनिक थलोमा सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउन।

- सार्वजनिक परिक्षणबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार स्थानिय सरकार सञ्चालनको लागि ।

## ४. सार्वजनिक परिक्षण कार्यक्रमको विवरण :

क) सार्वजनिक परिक्षण कार्यक्रम आयोजना : जुगल गाउँपालिका,सिन्धुपाल्चोक

ख) सार्वजनिक परिक्षण सहजिकरण गर्ने संस्था : सामूदायिक विकास तथा सञ्चार प्रतिष्ठान

ग) सार्वजनिक परिक्षण कार्यक्रम भएको मिति : २०८१ चैत्र १५ गते

घ) सार्वजनिक परिक्षण भएको स्थान : जुगल गाउँपालिकाको सभाहल

ङ) सार्वजनिक परिक्षण कार्यक्रम गरिएको समयावधि : ३ घण्टा

च) कार्यक्रममा उपस्थिति संख्या : ८९ जना

छ) कार्यक्रमको जवाफदेहि वक्ता : पालिका अध्यक्ष रेशम स्याङ्बो ,उपाध्यक्ष हिमाल कुमार श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत लोक वहादुर वि.क

## ५. सार्वजनिक परिक्षणमा प्रस्तुत गरिएको प्रतिवेदनहरु :

क) जुगल गाउँपालिकाको चालू आर्थिक वर्ष २०८१/८२ मा पालिका बाट सार्वजनिक भएका निती कार्यक्रम र योजना एवं प्रवाह भएका सेवाहरु तथा गाउँपालिका भरीका विकास योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको स्थितिबारे जानकारी प्रस्तुत गरियो । जसमा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार सहितको विकासको प्रतिवेदन , संस्थागत सुशासन, विपद व्यवस्थापन प्रतिवेदन प्रस्तुत गरिएको थियो । सार्वजनिक परिक्षण कार्यक्रममा पालिकाको चालु आर्थिक वर्षको बजेट, निति तथा कार्यक्रम, आगामी योजना, गाउँपालिकाको प्रशासनिक सेवा, पालिकाको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा खेलकुद, भौतिक पूर्वाधार, खानेपानि तथा सिंचाई, रोजगार लगायतका क्षेत्रमा भएका कामका बारे प्रदिवेदन सार्वजनिक गरियो । गाउँपालिकाको सभाबाट रु. ६१ करोड ७८ लाख १५ हजार ८ बजेट स्विकृत भएको र दोश्रो कुल बजेटको ३८. ८८ पतिश खर्च भएको प्रशासकिय अधिकृत विकको प्रतिवेदनमा उल्लेख थियो । पालिकामा सार्वजनिक सेवालाई पहिलो प्राथमिकता दिएर काम भइरहेको र हालसम्म पालिकामा १६.३४ प्रतिशत मात्र राजश्व संकलन भएको उल्लेख छ । स्रोतको मुख्य स्लेट निकासि नभएकाले पालिकाले प्रक्षेपण गरेजति राजश्व नउठेको उल्लेख छ ।

६. सार्वजनिक परिक्षणमा राखिएका विषयवस्तुहरु :

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- रोजगार
- कृषि र पशु
- भौतिक पूर्वाधार

- सुशासन
- विकास  निर्माण
- सेवा प्रवाह स्थिति विवरण

**७. सार्वजनिक परिक्षणमा भएका उपस्थिति**

सार्वजनिक परिक्षण कार्यक्रम २०८१/८२ मा .प्रथम र दोश्रो चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य, गाउँपालिकाले पुऱ्याएको सेवा प्रवाहबारेमा सार्वजनिक परिक्षण गरियो। गाँउपालिकाका विभिन्न वस्तीका स्थानीय, राजनीतिक दल, टोल विकास समिति, योजना उपभोक्ता समिति, सामुदायिक संस्था, विद्यालय, आमा समूह, शिक्षक, बुद्धिजीवि, पत्रकार लगायतको सहभागिता जुटाउने प्रयास गरीएकोमा तपशिलको उपस्थित थिए ।

१. सभाध्यक्ष : रेशम स्याङबो ,अध्यक्ष जुगल गाँउपालिका
२. हिमाल कुमार श्रेष्ठ, उपाध्यक्ष जुगल गाँउपालिका
३. लोक बहादुर वि.क.प्रमुख प्रशासकीय अधिकृत, जुगल गाँउपालिका
४. वडा अध्यक्ष - १ नम्बर वडा, जनक बहादुर तामाङ,
२ नम्बर वडा, चन्द्र काजि तामाङ
३ नम्बर वडा, लक्ष्मान लामा दोङ
४ नम्बर वडा, प्रेम तामाङ
५ नम्बर वडा, रविन्द्र घिमिरे
६ नम्बर वडा, टंक तामाङ
७ नम्बर वडा, रवि तामाङ
५. गाँउ कार्यपालिका सदस्य र वडा सदस्य
६. शिक्षा शाखा , कृषि शाखा, स्वास्थ्य शाखा, लेखा शाखा , सुचना प्रविधि शाखा , भौतिक पूर्वाधार तथा भवन निर्माण शाखा , रोजगार शाखा, जुगल न्यायिक शाखा, प्राबिधिक शाखा, पञ्जिकरणा शाखा, स्वास्थ्य शाखा अन्तर्गत आँखा केन्द्र प्रमुख सहकारी तथा राजश्व शाखाका प्रमुख
७. नेकपा माओवादी केन्द्र र नेकपा एमाले पालिका अध्यक्ष सहित राजनैतिक पार्टीका प्रतिनीधि
८. टोल विकास समितिका अध्यक्ष, पदाधिकारी वा प्रतिनिधि
९. सामाजिक संघ सस्था, ग्रैह सरकारी सस्था ,उपभोत्ता समितिका प्रमुख वा प्रतिनिधि
१०. सहकारी सस्था, सामुदायिक ,पेशागत संघ संगठनका प्रमुख तथा प्रतिनिधि
११. विद्यालयका शिक्षक प्रधानध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष , शिक्षक एवम् विद्यार्थी
१२. आदिवासी जनजाति, महिला, दलित ,बालबालिका, जेष्ठ नागरीक , अपाङ्गता भएका व्यक्ती एवम् लक्षीत वर्गका संघ सस्थाका प्रमुख एवम् प्रतिनिधि
१३, पत्रकार
१४, नागरीक समाज

**८. सार्वजनिक परिक्षणमा पालिकाका तर्फबाट प्रस्तुत विषयहरुः**

# जुगल गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत नीति तथा कार्यक्रम, योजना र बजेटको सार्वजनिक सुनुवाई

**आय व्यय:**

यस जुगल गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को कुल बार्षिक बजेट रु.६१,७८,१५,८८९।-( ६१ करोड ७८ लाख १५ हजार ८ सय उनानन्नब्बे रुपैया मात्र) रहेको थियो।जसमा चालु बजेट तर्फ रु.3७,८८,३0,८८९।- (३७ करोड ३३ लाख ३० हजार ८ सय उनानन्नब्बे रुपैया ) विनियोजन भएकोमा हाल सम्ममा ५१.४२% खर्च भएको छ भने पुँजीगत बजेटतर्फ रु.2३,८९,8५,०००।- (२३ करोड ८९ लाख ८५ हजार रुपैया) विनियोजन भएकोमा जम्मा १९.०१% खर्च भएको छ।समग्रमा कुल बजेटको ३८.८८% खर्च भएको छ।

**१.सुशासन तथा सार्वजनिक सेवा प्रवाहतर्फ:**

**(क) सार्वजनिक सेवा:**

१. सहायता/सोधपुछ कक्ष तथा प्रतिक्षालयको (waiting room) व्यवस्था गरिएको छ।
२. सेवा प्रवाहको मापदण्ड (SOP) लागू गरिएको छ ।
३. स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कनमा गाउँपालिकाले कुल १०० पूर्णाङ्कमा ९८ ( अन्ठानब्बे) अंक प्राप्त गरेको र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा कुल १०० पूर्णाङ्कमा ९९।५ अंक प्राप्त गरेको छ ।
४. जुगल भ्यू पोइन्ट तथा साँस्कृतिक केन्द्रमा अनवरणको लागि म्यानमारबाट जुगल गाउँपालिकालाई उपहार स्वरुप बहुमुल्य जेट स्टोनबाट बनेको marble Sitting Buddha प्राप्त भएको छ ।
५. जुगल गाउँपालिका र गाउँपालिका भित्र निर्माणाधिन हाईड्रोपावरहरुसँग समन्वयात्मक बैठक गाउँपालिकाको हितमा ६ बुँदे निर्णय भएको छ ।

**(ख) व्यवसाय दर्ता तथा राजश्व संकलन :**

१. आ.व २०८१।०८२ सम्म जम्मा २९६ वटा व्यवसायहरु दर्ता भई सञ्चालनमा रहेका छन्।
चालु आ.व.को श्रावण देखि हाल सम्ममा जम्मा १८ वटा नयाँ व्यवसायहरु दर्ता भएका छन् भने ५८ वटा व्यवसायहरु नविकरण भएका छन् । यो वर्ष नयाँ ४ वटा घ वर्ग ईजाजत पत्र प्रदान गरिएको छ भने पूराना घ वर्ग ईजाजत पत्र ६१ वटा छन् जसमध्ये ४७ वटाले नविकरण गरिसकेका छन् ।
२. चालु आ.व.मा आन्तरिक आय तर्फ रू २ करोडको राजश्व अनुमान गरिएकोमा हालसम्म १६.३४ प्रतिशत मात्र राजश्व संकलन भएको छ:-

| क्र.सं. | कार्यालय | जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका | १५,८७,३५६।- | १५ लाख ८७ हजार ३ सय ५६ रूपैयाँ |
| २. | वडा नं.१ सेलाङ | १,९२,९४१।- | |
| ३. | वडा नं.२ गोल्चे | २५१६५८।- | |
| ४. | वडा नं.३ गुम्बा | २६६१५२।- | |
| ५. | वडा नं.४ पाङताङ | ३०८५४४।- | |
| ६. | वडा नं.५ बराम्ची | ३०११४३।- | |
| ७. | वडा नं.६ हगाम | २०६४६६।- | १६ लाख ८० हार ६ सय ४८ रूपैयाँ |
| ८. | वडा नं.७ याङ्लाकोट | १५३७४१।- | |
| जम्मा | | ३२६८००४।- | ३२ लाख ६८ हजार ४ रूपैयाँ |

**(ग) कानून निर्माण:**

| क्र सं | कानून | गत वर्षसम्म | यस वर्ष | जम्मा |
|---|---|---|---|---|
| १ | ऐन | २० | १ | २१ |
| २ | नियमावली | ५ | ० | ५ |
| ३ | कार्यविधि/मापदण्ड/ निर्देशिका | ४४ | ३ | ४७ |

**(घ) सञ्चार तथा सूचना प्रविधि:**

१. गाउँपालिकाको सेवा प्रवाहलाई थप छिटो छरितो बनाउन वेभसाइट, फेसबुक, ईमेल, लेखा व्यवस्थापन प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, ई-सिफारिस प्रणाली, ई बिडिङ, योजना व्यवस्थापन प्रणाली, न्यायिक समिति मुद्दा दर्ता प्रणाली, ग्रुप एस.एम.एस लगायत शिक्षा, स्वास्थ्य, कृषि व्यवस्थापन प्रणालीको प्रयोग भईरहेको छ।

**(ङ) योजना तथा कार्यक्रम:**

१. उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरू हालसम्म १३० वटा सम्झौता भएका छन् भने २० वटाले मात्र कार्यसम्पन्न गरी भुक्तानी लिएका छन् ।

२. यो वर्ष ठेक्का मार्फत ९ र कोटेसन मार्फत १२ वटा योजनाहरू सञ्चालनमा आएका छन् ।

## २. सामाजिक विकास तर्फ:

### (क) शिक्षा, युवा तथा खेलकुद:

१. १ जना खेलकुद शिक्षकको व्यवस्था गरिएको छ ।

२. एक विद्यालय एक कम्प्युटर कार्यक्रम अन्तर्गत ९ ओटा विद्यालयलाई डेस्कटप र प्रिन्टर हस्तान्तरण गरिएको छ।

३. गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, शिक्षक भलिबल तथा गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सम्पन्न गरिएको छ।

४. १८ वटा विद्यालयको सुपरीवेक्षण तथा अनुगमन र नियमन गरिएको छ।

५. २३ जना विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि अध्यक्ष शैक्षिक कोष मार्फत छात्रवृत्ति वितरण गरिएको छ ।

६. १० वटा विद्यालयमा घेराबार/छाना मर्मत/चौर सम्याउने कार्य सञ्चालनमा छन् ।

७. ३३ जना शिक्षकहरूलाई ICT तालिम, ३० जनालाई क्षमता विकास र ३० जनालाई विषयगत शिक्षक तालिम सञ्चालन गरिएको छ।

८. ४० जनाले शिक्षक सेवा आयोग तयारी अनलाईन कक्षा लिईरहेका छन् ।

### (ख) महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्ग:

१. यो वर्ष ६ जना थप भई हालसम्म १९३ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ।

२. यो वर्ष ४ जना थप भई हालसम्म १८५ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।

३. जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अपाङ्गता भएका व्यक्तिहरुको मुलप्रवाहीकरण सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

४. शारिरीक अपाङ्गता भएका बालबालिकाहरुको स्वास्थ्य उपचार, शल्यक्रिया तथा पुनर्स्थापनाका लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँग रु ५००००० को द्विपक्षीय सम्झौता भई हाल ७ जना बालबालिकाले सेवा पाईसकेका छन् ।

५. १४६ जना पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो झोला वितरण गरिएको छ ।

६. ३० जना महिलाहरुले नेतृत्व सीप विकास तालिम लिन सफल भएका छन् ।

७. महिला सशक्तिकरण तथा बालबालिका उत्थान समाजसँगको सहकार्यमा दुई दिने निःशुल्क दन्त शिविर कार्यक्रममा ७८५ जना लाभाम्वित भएका छन् ।

८. शिक्षिकाहरू मार्फत किशोरीहरूलाई आत्मरक्षाको लागि तयारी गराउने उद्देश्यले २० जना शिक्षिकाहरूलाई ३ दिने आत्मरक्षा तालिम प्रदान गरिएको छ ।

९. राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रमको लागि जुगल २ को हिमाली महिला बचत तथा ऋण सहकारीका २५ जना महिला लाभान्वित भएका छन् ।

**(ग) स्वास्थ्य:**

१. मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका जम्मा २९ जना बिरामीहरुलाई मासिक रू ५००० का दरले उपचार खर्च पाईरहेका छन् ।

२. सबै वडाहरुमा ६-१० कक्षासम्मका छात्राहरु र १०-१४ वर्ष सम्मका विद्यालय नजाने किशोरीहरुलाई एच.पी.भी. खोप अभियान ९७.३४% प्रगति हाँसिल गर्ने गरी सम्पन्न भएको छ।

३. १७ जना विपन्न तथा असहाय रोगी व्यक्तिहरुलाई औषधि उपचार सहायता खर्च तथा ३ जना विपदमा परेकालाई सहायता प्रदान गरिएको छ

४. सुत्केरी तथा अति विपन्नहरूको लागि एकतर्फी निशुल्क एम्बुलेन्स सेवा अन्तर्गत ८ जना असक्त, 4 जना विपन्न,34 जना सुत्केरी गरी 46 जनाले निशुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका छन् भने 7 जनाले सुत्केरी यातायात खर्च सेवा प्राप्त गरेका छन् ।

**पोषण तर्फ**

१. २४४ जना गर्भवती र सुनौला हजार दिनका आमाहरुको सहभागितामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

२. पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रम, पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम र पोषण सन्देशमूलक कार्यक्रम सम्पन्न भएको छ ।

३. पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण कार्यक्रम संचालन भएको छ ।

४. ३७ जना गर्भवती र सुनौला हजार दिनका आमाहरुको सहभागितामा पोषण केन्द्रित कार्यक्रम सम्पन्न भएको छ ।

**जुगल ग्रामीण आँखा केन्द्र:**

१. गाउँपालिकाद्वारा सञ्चालन गरिएको नि:शुल्क आँखा शिविर कार्यक्रमबाट ३८७ जनाले लाभ लिएका छन् । त्यसैगरी नेपाल नेत्रज्योती संघले ७७ जनाको निशुल्क रूपमा मोतिविन्दु शल्यक्रिया गरिदिएको छ ।

२. जुगल ग्रामीण आँखा केन्द्रबाट हालसम्म 60 महिला र 89 पुरुष गरी जम्मा १49 जना सेवाग्राहीले सेवा प्राप्त गरेका छन।

**(घ) सामाजिक सुरक्षा:**

१. हालसम्म २५६० जना लाभग्राहीहरू सामाजिक सुरक्षा भत्तामा आवद्ध छन् । यो वर्ष प्रथम र दोश्रो त्रैमासिक सम्म कुल रू ५ करोड ३९ लाख २ हजार ६३ रूपैयाँ बैंक कर्मचारीको उपस्थितामा वडा कार्यालय मार्फत वितरण गरिएको छ।

**(ङ) जीवन बीमा:**

४३ जना सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका परिवार वा घाइते व्यक्ति तथा अति विपन्न परिवारहरूको लागि १ लाखको जीवन विमा गरिएको छ । हाल १ जनाले विमा दावी बापत रू १ लाख प्राप्त गरिसक्नु भएको छ ।

**३. आर्थिक विकासतर्फ:**

**(क) कृषि विकास:**

१. १० वटा माध्यामिक विद्यालयहरुसँगको साझेदारीमा च्याउ खेती कार्यक्रममा विद्यार्थीहरुलाई कन्ये च्याउ खेति प्रविधि सिप सिकाउने कार्य सम्पन्न भएको छ ।

२. किनी खाने होईन बेचीखाने गाउँपालिका बनाउने कार्यक्रम अन्तर्गत २ वटा फर्मसँगको साझेदारीमा अकबरे खुर्सानी खेती कार्यान्यनमा छन्।

३. किसान सुचिकरण कार्यक्रम संचालन भइरहेको छ ।

**(ख) पशु सेवा**:

१. २ नं वडाको निम्लुङ र सञ्चगाउँ तथा ४ नं वडाको घुङामा बाख्रा पकेट कार्यक्रम सञ्चालन भईरहेको छ । हाल ७० जना कृषकहरुलाई आधुनिक पशुपालन तालिम दिईएको छ।

२. ब्याउन नसकेको पशु उपचार ४३ वटालाई पशु स्वास्थ्य सेवा दिईएको छ ।

३. भेडा बाख्रालाई १६३०० डोजको पि पि आर खोप लगाइएको छ ।लम्पी स्किन विरुद्धको ३००० डोज, गाईभैँसीलाई एच एस वि क्यू( मुख र छाला पाक्ने) ७०० डोज, गाईभैँसीलाई एफ एम डि ( खुर पाक्ने) ६००० डोज, रानीखेत(लोकल कुखुरा) २००० डोज खोप लगाईसकेको छ ।

४. ४३ वटा गाईभैँसीलाई थुनेलो रोगको उपचार गरिएको छ । ३४ वटा गाईभैँसीलाई सिताङ्क ज्वरो र ९४५ वटा पशु चौपायाहरूलाई निमोनिया उपचार गरिएको छ ।

५. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत चौरी कार्यक्रमको कार्यान्वयनको चरणमा रहेको

६. सामुहिक र व्यवसायिक उत्पादन कार्यक्रम अन्तर्गत जुगल गाउँपालिकाको प्राविधिक सहयोगमा पशुपन्छीमा लाग्ने विभिन्न रोग (निमोनिया ,रुघाखोकि, ज्वरो, मिल्क फिवर आदि रोगको परामर्श, उपचार र रोकथाम) को लागि रोकथाम भ्याक्सिन उपलब्ध गरिएको छ ।

७. यो वर्ष हालसम्म २१५ वटा बहर, १००१ वटा बोका, १० वटा राँगो, १२ वटा कुकरलाई बन्ध्याकरण गरिएको छ।

८. पशु सेवा तालिम केन्द्र बागमती प्रदेश लगनखेलको आयोजनामा २५ जनालाई एक हप्ते व्यवसायिक चौरीपालक तालिम दिईएको छ ।

**(ग) श्रम तथा रोजगार:**

१. यो वर्ष 916 जना श्रमिकहरू प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध छन् ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १८ वटा योजनाहरुको सम्झौता भइ कार्य अगाडी बढाईएकोमा हालसम्म ४ वटाको भुक्तानी भैसकेको छ ।

३. श्रमिक अभिमुखिकरण कार्यक्रम, श्रमको सम्मान राष्ट्रको अभियान, स्थानीय तहको रोजगार रणनीतिक योजना तर्जुमा सम्बन्धी सरोकारवालाहरुको धारणा संकलन सम्बन्धी छलफल कार्यक्रम र रोजगार संवाद मञ्च लगाएतका कार्यक्रमहरु सम्पन्न गरिएको छ।

**(घ) उद्यम विकास:**

१. घरेलु महासंघको साझेदारीमा जुगल ६ हगामका २९ जना उद्यमीलाई उद्यमशीलता तालिम प्रदान गरिएको छ ।

२. जुगल ६ हगामकै ३५ जना उद्यमीलाई एडभान्स तरकारी व्यवसाय सिप तालिम प्रदान गरिएको छ ।

३. बाँसखर्क र कात्तिकेमा गरी जम्मा ३७ जनालाई गलैंचा सिप विकास तालिम र प्रविधि हस्तान्तरण गरिएको छ ।

४. उद्यमीहरूको २० प्रतिशत साझेदारीमा जुगल ६ हगाममा थोपा सिँचाई पाईप,टनेल प्लास्टिक,स्प्रे ट्र्याङ्की,सिचाई पाईप र ड्रम हस्तान्तरण गरीएको छ । यो कार्यक्रमबाट ३६ जना उद्यमीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

५. २० जना यूवाहरूले ३९० घण्टे वारिष्टा तालिम लिईरहेका छन् ।

**(ङ) पर्यटन तथा धर्म संस्कति :**

१. जुगल पर्यटन क्षेत्रको संरक्षण, प्रवर्द्धन एवं व्यवस्थापनका लागि अपनाउनुपर्ने विभिन्न आयामहरूको बारेमा छलफल साथै जुगल पर्यटनको सम्भावना, चुनौती र आगामी कार्ययोजनाको बिषयमा विज्ञस्तरको “जुगल पर्यटन कार्यशाला गोष्ठी" सम्पन्न भएको छ ।

२. १० जना प्रशिक्षार्थीलाई बेसिक माउन्टेनरिङ ट्रेकिङ गाइड तालिम दिईएको छ ।

३. जुगल हिमश्रृखंलाको ४२०० मिटर उचाईमा पहिलो पटक जुगल संवाद कार्यक्रम सम्पन्न भएको छ।

४. विभिन्न धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरूको लागि आर्थिक सहयोग प्रदान गरिएको छ ।

## ४. भौतिक पूर्वाधार विकासतर्फ:

**(क) भौतिक पूर्वाधार:**

१. मूख्य सडकहरू (गोण्डे गाउँ पाङगर्पु बोल्दे सडक, सुनखोला घुङा पाङताङ सडक, ढाँडे राम्चे बराम्चे सडक, बैकुण्ठे नाम्फा सञ्चगाउँ सडक, विसिङखर हगाम हाप्रा सडक बाँसखर्क मानेडाँडा बाँदर रूख सडक, सेरा मानेडाँडा सडक, खुन्दुर्क गोल्चे सडक) को स्तरोन्नती भईरहेको छ ।

२. जुगल ४ पाङताङमा थाम्राङ खोला झोलुङगे पुलको निर्माण कार्य भईरहेको छ ।

३. जुगल ५ चनौटेमा निर्माणाधिन १० शैय्या अस्पतालको निर्माण कार्य (फ्रेम स्ट्रक्चर सम्म) भईरहेको छ ।

४. जुगल २ सिन्धुर्चेमा निर्माणाधिन जुगल भ्यू पोइन्ट तथा साँस्कृतिक केन्द्रको निर्माण कार्य (हालसम्म मुर्ती राख्नको लागि फ्रेम स्ट्रक्चर) भईरहेको छ ।

५. जुगल १ सेलाङमा निर्माणाधिन जुगल मिनि रंगशालामा यो वर्ष प्याराफिट निर्माणको कार्य भईरहेको छ।

६. जुगल ६ मा मञ्जु श्री पार्क निर्माणको कार्य ( मुर्ती निर्माण र पदमार्ग ) भईरहेको छ ।

७. जुगल ५ मा जुगल ग्रामिण आँखा केन्द्र भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।

८. जुगल ३ मा गुम्बा सामुदायिक स्वास्थ्य चौकीको भवन निर्माण कार्य भईरहेको छ ।

९. जुगल ५ चनौटेमा ॐ शान्ती भवन निर्माणको लागि बहुवर्षिय ठेक्का आव्हान भईसकेको छ ।

१०. विभिन्न गुम्बा, मन्दिर तथा चर्च निर्माण तथा व्यवस्थापनको कार्य भईरहेको छ

११. गाउँ सभा हल निर्माणको लागि ठेक्का सम्झौता भईसकेको छ ।

**५.वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ:**

१. मनसुनजन्य लाभग्राहीहरुलाई घर निर्माण चौतारा ५ को विभिन्न स्थानहरुमा ५८, चौतारा ४ कुविण्डे ४६ घर, जुगल ५ बराम्ची १७ निर्माण तथा सम्पन्नको चरणमा रहेको ।

२. मनसुनजन्य घटना बाट विस्थापित व्यक्तिहरुको जग्गा खरिद २९१ जनाले पाएको रु ३०००० को दरले, घर निर्माण पहिलो किस्ता रु ५०००० पाउने २०१ लाभग्राही, घर निर्माण दोस्रो किस्ता रु २५०००० पाउने १२२ लाभग्राही, घर निर्माण तेस्रो घर सम्पन्न किस्ता रु २००००० पाउने ३८ लाभग्राही अन्तिम चरणमा

३. विपद् व्यवस्थापन कोषबाट कुनेगाउँ घटनाको मृतक ४ जना प्रति मृतकको कृया खर्च बापत रु५० हजारका दरले वितरण भएको छ ।

४. जुगल गाउँपालिका सम्पूर्ण वडाहरुको भू वर्गीकरण गरिएको छ ।

५. अस्थायी लाभग्राही ३२ जनालाई कायम गरिएको जसमा १२ घर महिला आत्मनिर्भता केन्दर् मार्फत निर्माण हुने चरणमा छन् ।

**६.न्यायिक तर्फ:**

१. मेलमिलापसम्बन्धी जिल्ला स्तरीय समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

२. १३ वटा विवाद दर्ता भएकोमा ८ वटा मेलमिलाप भएको छ

३. नि शुल्क कानुनी सहायता प्रदान गरिदै आएको छ ।

४. सामाजिक विकृतिविरुद्ध कानूनी सचेतना र सडक नाटक कार्यक्रम सम्पन्न गरिएको छ ।

५. कानूनी समस्याबारे नागरिकहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको

**७.संघ संस्था साझेदारी:**

१. जुगल गाउँपालिकाको समन्वय तथा शान्ति फाउन्डेसनको आयोजनामा गाउँपालिकाभित्र जोखिममा रहेका समुदायलाई उत्थानशिल जिविकोपार्जन निर्माण सम्बन्धि पञ्चवर्षिय परियोजना कार्यक्रमको शुभारम्भ भएको छ ।

२. जुगल गाउँपालिका र महिला आत्मनिर्भरता केन्द्रबीचको साझेदारीमा जुगल २ मा ताकु सामुदायिक स्वास्थ्य इकाई भवन (३ कोठे भवन) निर्णाणको लागि सम्झौता भईसकेको छ ।

३. धुलिखेल अस्पतालको सहयोगमा समुदायमा आधारित उच्च रक्तचाप नियन्त्रण सम्बन्धि अनुसन्धानमूलक कार्यक्रम प्रारम्भ भएको छ ।

४. दयाका हातहरु नेपाल नामक संस्थाले व्यवसाय प्रयोजनको लागि जुगल ५ का १० परिवारलाई उन्नत जातका ७ बाख्रा तथा ५ सेट गलैंचा सहयोग गरेको छ । त्यसैगरी १ जनालाई तरकारी खेती तथा १ जना आर्थिक अभाव भएको महिला विद्यार्थीलाई पढाईमा सहयोग प्रदान गरेको छ।
५. लोक शान्ति फाउन्डेसनले २ वटा विद्यालयमा न्यानो ज्याकेट तथा झोला वितरण गरेको छ ।

## ८. अन्य:

१. जुगल गाउँपालिकाको भौगोलिक क्षेत्रभित्रका नदीजन्य पदार्थ तथा स्लेटको सर्वेक्षण, उत्खनन्, संकलन र उपयोगलाई व्यवस्थित बनाई गाउँपालिकामा रोजगारी सिर्जना गर्ने, राजश्व संकलनमा वृद्धि गर्ने, व्यवसायीहरूको आर्थिक कारोबार वृद्धि गर्ने तथा आम उपभोक्तामा निर्माण समाग्रीको सहज पहुँच स्थापित गर्ने प्रयोजनार्थ स्लेटको उत्खनन् र संकलनको कार्यलाई व्यवस्थित बनाउने कार्य अगाडी बढिरहेको छ।
२. वन डढेलो नियन्त्रण तथा रोकथामका लागि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुलाई एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।
३. गाउँपालिकाको शान्ति,सुरक्षा,सार्वजनिक सेवा प्रवाह र स्थानीय तहमा हुन सक्ने अपराध र सोको न्यूनिकरण सम्बन्धमा प्रमुख जिल्ला अधिकारी सहित अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जुगल गाउँपालिका बिच संघीयता कार्यान्वयनमा समन्वय र सहकार्य गर्नुपर्ने विषयहरुको बारेमा छलफल भएको छ ।

## ९. उठेका सवाल र पालिकाका तर्फबाट दिइएका जवाफ :

जवाफदेही वक्ता : रेशम स्याङबो ,अध्यक्ष जुगल गाँउपालिका र प्रमुख प्रशासकीय अधिकृत लोक वहादुर वि.क

| क्र. सं | नाम थर | पद | ठेगाना | ज्वाफ | सवाल |
|---|---|---|---|---|---|
| १ | महादेव थापा | स्थानिय | जुगल गाउँपालिका, ५ | विकास निर्माणका कामहरु वडा १ देखिनै हुदैछ विस्तारै । | हाम्रो ठाउँको बाटो, खानेपानि र स्कुल पुरानै अवस्थामा छ , त्यो चिजहरुमा तपाईहरुको ध्यानकार्षण कहिले हुने ? |
| | रेशम स्याङबो | अध्यक्ष | जुगल गाउँपालिका | खुवा उत्पादनको बारेमा हाम्रो गाउँपालिकामा पनि चर्चा हुन्छ, स्वदेशमा बसेर केही गर्छु भन्नेलाई हामी साथ दिन्छौ । पालिकाले पाढी भैसी पनि वितरण गरिरहेको छ। कृषिमा केही गर्छु भन्ने जनशक्तिनै हामीलाई खाचो भएकाले पालिकाको क्षमताले भ्याउने साथ सहयोग गर्छौ । तपाई संग छलफ गरेर अगाडी बढ्न सक्छौ । | अर्को म अहिले खुवा उत्पादन ब्यवासायमा लागेको ४, ५ महिना भयो हामी जस्तो आफ्नै ठाउँमा केही गर्छु भन्ने युवाहरुको लागि के छ ? अनुदान साथ सहयोग गाउँपालिकाको योजना? |
| २ | सागर कुमार | स्थानिय | जुगल गाउँपालिका, ४ | यस सडकको बारेम ठेकेदारलाई भेटेर पटक पटक कुरा गर्दा पनि निर्माण कार्यमा ढिलाई भइरहेको छ । किन के कारणले हामीले पनि थाहा पाउन सकेका छैन । पुर्वाधार कार्यलयमा सोधपुछ गर्दा ताकेता | बलेफी थेम्बाथान सडक अन्तरगत ढाडे देखि कात्तिकेसम्म पुग्दा मान्छेलाई छारो धुलोले गाह्रो बनाउछ, नजिकै हाइड्रो पावरको काम भइरहेकाले त्यो सडकमा पानि छम्किले गर्न ४, ५ पटक आहवान गर्दा पनि सुनुवाई भएन । |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरिरहेको भन्नेछ, तुरुन्त ठेक्का तोडेर चाडो गर्नुपर्छ भन्ने हाम्रो भनाई हो ।<br><br>हाइड्रो पावर संग पनि अध्यक्ष,वडाध्यक्ष, प्रशासकिय अधिकृत र मान्य ज्यूहरु सहित बसेर सम्झौता नै गरेको छौ । तर लागु भइरहेको छैन । उनिहरुले हाम्रा अरबौको लगानी गरेर काम गरिरहेको छ । सरकारले कडा टाइट गर्न पनि नमिल्ने भइरहेको छ । केही कमीकजोरी महशुस गरेकाछौ एक दुइ दिनमा फेरी कुरा गर्ने बचन बद्धता गर्छौ । | कातिकेमा रहेको पुलको पत्ता फेर्न पालिकालाई जानकारी गराउदा पनि सुनुवाई भएन, त्यस ठाउँमा बाइकमा आवात जावात गर्दा एकजना घाइते भएका थिए । |
| ३ | धन बहादुर श्रेष्ठ | स्थानिय | जुगल गाउँपालिका, ५ | जल्वीरे र मान्जेको पुल बनाउन कागजनै गरेका छौ हाइड्रो संग । फेरी झगझगाउने काम गर्नेछौ ।<br>बाह्रै महिना सञ्चालन हुनुपर्छ, जल्बीरेका वडाध्यक्ष संग पनि समन्वय हुदैछ । सुरक्षाकर्मीले पनि साथ दिनुभएको छ । | जल्बिरेको पुलको अवस्था जिर्ण छ । पालिकाबाट निमार्णका लागि केहि पहल नभएको होकी । कातिकेको पुलको अवस्था पनि उस्तै छ । |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | | |
| ४ | मिन बहादुर श्रेष्ठ | स्थानिय | जुगल गाउँपालिका, ६ | यो सडक प्रदेश मार्फत मार्फत बनाइ रहेको हो । सरसफाईमा | हाम्रो जुगल गाउँपालिका, ६ बाट उता बाह्रविसे जानेतर्फ बराम्ची हाप्रा शिर्षकमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | कमिकमजोरी हुनसक्छ यद्यपी पालिकामा छलफल गरेर पालिकाले पनि यसमा के गर्न सकिन्छ गर्नेछौ । | संघबाट बजेट परेर बाटो बन्दै छ तर लामो समय हुनेभएकाले पालिकाले बाटो बन्द छ अस्थायी रुपमा खोल्दीनु पर्‍यो । |
| ५ | ज्ञानीमायाँ अधिकारी | स्थानिय | जुगल गाउँपालिका, ५ | हामी नेपालीको बानी सानो सानो कुराहरु पनि अरुले गर्दे हुन्थ्यो भन्ने लाग्छ । तर तपाईको साँचिकै समस्या परेको हो भने पालिकाबाट प्राविधिक पठाउँछौ र के रहेछ हेरेर काम गर्नेछौ । | मेरो घरमाथिबाट कुलो छ , त्यसले गर्दा वर्खामा साह्रै गाह्रो हुन्छ बनाइ दिनुपर्‍यो सर । |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | | |
| ६ | सुवास श्रेष्ठ | स्थानिय | जुगल गाउँपालिका, ६ | तपाईहरुलाई तरकारी खेतीमा के छ समस्या हामीलाई भन्नु होला ।<br>तपाईहरुलाई चाहिने पाइप यही हप्ता भित्र आउछ । | लघु उद्यमशिल कार्यक्रमले जुगल गाउँपालिका, ६ लाई तरकारी पकेट क्षेत्र घोषणा गरेको थियो, त्यसमा हामी २५ जना छौ । कसले टनेलामा दल सारेर विरुवा फुलफुल्न थालिसक्यो , पानीका लागि पाइप दिनुहुन्छ भन्नु भएको थियो , कहिले दिनुहुन्छ ? |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | | |
| | | | | हामी अण्डा उत्पादनमा चाहि आत्मनिर्भर छौ । अब कुखुरा उत्पान तर्फ पनि ध्यान दिन्छौ । | जुगलले किने खाने हैन, बेचि खाने भन्ने कार्यक्रम राखेको रहेछ, यो कार्यक्रम सदुपयोग भएको जस्तो लाग्दैन किनभने जुगलमा बाहिरबाट १२ हजार सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | महिनामा भित्रिन्छ , यो त हाम्रो पालिकामा उत्पादन गर्न सकिन्छ नि । जस्तै पालिका बाखा पालनमा चाँहि बेचि खाने नै छ । |
| ७ | बुधे लामा | स्थानिय | जुगल गाउँपालिका १, सेलाङ | हामीसंग कृषि भेटेनरी प्राविधिकहरु उपलब्ध छ, उनिहरुमार्फ सहयोग लिन सकिनेछ । | हाम्रोमा कृषि पशुपालन फाम चलाएकाछौ, त्यस्मा पशु बाखाहरुलाई रोग लाग्ने रहेछ, वडाध्यक्ष ,पालिका अध्यक्ष ज्यूहरुले के गर्न सकिन्छ उपचारका लागि अनुरोध छ । |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | यही हप्ता भित्र पाइप आउदैछ । अरु सिंचाईका लागि के आवश्यक छ हामी बसेर गरौला । | पानिका लागि पाइप आवश्यकता छ । |
| ८ | बुद्ध लाल थापा | स्थानिय | जुगल गाउँपालिका , ५ | माथि खमारेसम्म पुग्ने यो सडक मुख्य सडक जस्तै छ । यसका लागि वडाध्यक्ष संग सहकार्य गर्न आवश्यक छ पालिकाले । आफ्नै आगन छेउमा चाँहि तपाई आफै सफा गर्न सक्नुहुन्छ । | अहिले क्यु को बस चल्ने ठाउँहरुमा नाला पनि बनेको छ , वर्खा लाग्नु भन्दा अगाडीनै नालाहरु सफा गर्नुपर्छ । |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | | |
| ९ | सरु नेपाली | स्थानिय | जुगल गाउँपालिका, ३ | १२ कक्षा पढ्ने ४५ जना विद्यार्थीहरुलाई १ वर्षको तालिम दिइएको थियो । अहिले ५ जना ट्रेकिङ गाइड गर्ने भइसकेको छ । अरु इलेक्ट्रीसियन तालिम पनि दिएका थियौ । हामीले तालिम दिने सहजिकरण गरिदिने हो । यो यहाँको मात्र नभइ देशकै समस्या हो हामीले मात्र पनि रोक्न सक्दैनौ । | अहिले विद्यार्थीहरु आफनै देशमा केही गर्छु भन्ने छैन, विदेश गइहालने मात्र छन् । विदेश जाने सोच मात्र हुन्छ, त्यो जनशक्तिलाई कसरी रोक्न सकिन्छ ? गाउँपालिकाले आफनै ठाउँमा कसरी राख्न सकिन्छ ? |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | विष्णुमायाँ अधिकारी | स्थानिय | जुगल गाउँपालिका, ५ चनौटे | | आमा समुहलाई रहेको छ, उक्त समुहलाई सोलारको आवश्यकता रहेको छ, व्यवस्था गरिदिनु पर्‍यो । |
| १० | तुलानाथ घिमिरे | अध्यक्ष, | माओबादी केन्द्र ,जुगल गाउँपालिका | हाम्रो ठाउँमा भौतिक संरचना पनि खासै छैन । बौद्ध र हिन्दु धर्ममा आस्था राख्नेका लागि गुम्बा र मन्दिर निर्माण गरेको हो, जसमा उहाँहरु खुशि हुने रेहछ, एकचोटि निमार्ण गरेपछि वर्षौ वर्षा सम्म हुन्छ । | गाउँपालिकाको सबै कामहरु ठिक छ , विकास निर्माणका कामहरु पनि ठिकै देखिन्छ । विभिन्न ठाउँमा गुम्बा, मठमन्दिर निर्माण गर्ने एउटा चरण सकिसक्यो, निमार्ण गरिराख्नुपर्छ जस्तो लाग्दैन । |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | हामीले आय आम्दानीका कार्यक्रममा पनी ध्यान दिएका छौ । आम्दानी स्रोत स्लेट ढुङगा निकाल्न ब्यक्तिको आफ्नो जग्गामा निकाल्न मिल्ने गरी लाइसेन्स वितर गर्न लागेका छौ, यसले पालिकालाई पनि मुद्धा नपर्ने गरी । जुगल हिमालमा आरोहन खुल्ला गरेकाछौ अहिले त्यहाँ आरोहण गर्न पर्यटनमा बुक गर्न आउनेहरु पनि छन् । कोरिया र नेपालको दौत्य सम्बन्धको ५० वर्ष पुगेको अवसरमा चर्चित आरोण टोली ल्याएर हामीले पाँच वटा चुचुरामा आरोण खुल्ला गरेका थियौ । अहिले १० लाई ट्रेकिङ गाइड तालिम दिएकाछौ । यसरी आय वृद्धि गर्न | मुख्य कुरा पालिकाले गरेको विकास निर्माणका कामले जनतामा कस्तो प्रभाव परेको छ, उनिहरुले अपन्त्व महशुस गरेका छन् कि छैन ध्यान दिदै कृषि, पशुपालन लगायत जनताको आयस्तर सुधार गर्ने कुरामा ध्यान दिनुपर्छ गाउँपालिकाले बजेट निमार्ण गर्दा । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विभिन्न कामहरु हामीले गरिरहेका छौ । | |
| ११ | चिनलाल श्रेष्ठ | स्थानिय | जुगल गाउँपालिका ६ | बैकंको केन्द्रिय कार्यलयमा पुगेर पटक पटक कुरा राखेको छु । छिटै एउटा शाखा जस्तो खोल्ने कुरा भएको छ । | पलिका भित्रनै कुनै एउटा बैंकको शाखा भएमा सेवाग्राहीलाई निकै सहज हुने थियो । |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | | |
| १२ | छिरिङ तामाङ | अध्यक्ष | नेकपा एमाले, जुगल | संघियाता आउनुअघि हामी पछि नै थियौ । अहिले आफ्नो अधिकारको कुरा उठाउन सक्छौ । अहिले पढ्न चाहनेले पढ्न पाउँछ । चौरी गोठ कुरेर बसेका बालबालिकालाई पनि हामिले शिक्षाको पहुचमा ल्याएका छौ । उनिहरुलाई पालिकाले पढाइरहेको छ । आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई वर्षको २० देखि ३० हजार छात्रवृद्धि दिएको छ । विकट चनौटेमा १८ जनालाई पालिकाको रोहबरमा पढाइरहेका छौ । छिटै झुल्केमा पनि बालविकास स्थापना हुनेछ । | संघियता संरचना पछि जुगलमा धेरै विकास भएको छ । बाटोघाटोमा सहज भएको छ । |
| | रेशम स्याङबो | अध्यक्ष | गाउँपालिका | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | विविधमा संघ, प्रदेशका अनुदान पनि हुन्छ । पालिकाको फर्निचर, पाहुनालाई खाना लगायतका कुराहरुमा खर्च हुन्छ । यसबारे विस्तृमा अडिड रिपोर्ट हेर्न सकिने छ । | पालिकाले रातो किताबमा धेरै ठाउँमा विविध भनेर रकम छुट्याएको पाइयो यो किन के का लागि हो? |
| | | | | यसपालिको बजेट सबै वडामा मिलाएर राखेको छ । बाटो पिचनै गर्नका लागि चाँही हामीसं पर्याप्त बजेट छैन । केही अप्ठ्यारा ठाउँमा ढलान गर्ने र सफा गर्ने मात्र हो । जुगलको मुख्य सडकनै पिच भएको छैन । त्यसैले अन्यत्र पिच गर्दैनौ । | ढाडे याङलाकोटको बाटोलाई अघिल्लो कार्यकालमा भएका जनप्रतिनिधिले बचेट छुट्याउथ्यो अहिले छैन, बाटो सबै खाल्डाखुल्डी भएको छ । निर्माण गर्न पालिकालाई अनुरोध छ । |

## ९. सार्वजनिक परिक्षणमा अपनाइएको विधि :

- सम्बन्धित जुगल गाउँपालिकासँग समन्वय तथा सहकार्य
- सात दिने सार्वजनिक सूचना टाँस
- फेसबुक साथै फोन सम्पर्क मार्फत जानकारी
- कार्यालयको तर्फबाट सम्बन्धीत वडा र सरोकारवालामा पत्रचार मार्फत जानकारी

## १०. कार्यक्रमबाट भएका उपलब्धिहरु :

सार्वजनिक परिक्षण एक पारदर्शी र सहभागी मूलक प्रक्रिया हो जसबाट स्थानीय तहको निति कार्यक्रम र यसको कार्यान्वयन पक्षको सार्वजनिकीकरण गरी यसको जनस्तरबाट परिक्षण गर्ने कार्य गरिन्छ । जनताको सरोकार, गुनासो र सुझावहरू संकलन गरिन्छ र त्यसका आधारमा नीति, योजना र सेवा प्रवाहमा सुधार गरिन्छ । यो कार्यक्रमबाट गाउँपालिकालाई निम्न उपलब्धिहरु हुने वा भएको पाइएको छ ।

- पालिकाको योजना, निती र कार्यक्रमको विषयमा आम जनमानसमा जानकारी हुनुका साथै गाउँपालिका र नागरिकबीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।
- योजना/आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका सकारात्मक र नकारात्मक दुवै पक्षको कार्यको मूल्याङ्कन भएको छ ।
- विकास,सुशासन र सेवा प्रवाहमा पारदर्शिता कायम हुने छ ।
- भ्रष्टचार निर्मुल पार्दै कानुनी शासनको पालना र राज्य अनि  नागरिकको सम्बन्ध सुधारको औजार बनेको छ ।
- सार्वजनिक परिक्षणले जनतालाई नीति निर्माण र कार्यान्वयन प्रक्रियामा प्रत्यक्ष रूपमा जोड्ने मौका दिएकोले यसले पालिकाप्रति नागरिकको विश्वास बढाएको छ ।
- गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूले आफलाई आम नागरिकबाट परिक्षण गराउने भएकाले उनीहरू जनता प्रति बढी उत्तरदायी र पारदर्शी बनेका छन् ।
- परिक्षणको क्रममा प्राप्त गुनासो, सुझाव र आलोचनालाई ध्यानमा राखी सेवा प्रवाहमा गुणस्तर वृद्धि हुने छ ।
- यो कार्यक्रमले जनप्रतिनिधि र नागरिकबीचको दूरी घटाइदिएको छ, जसले दीर्घकालीन रूपमा लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउँछ ।

**११. सिकाई सुझाव :**

समग्रमा हरेक वर्ष पालिका स्तरिय सार्वजनिक परिक्षण हुने गरेका छन् । तर सार्वजनिक परिक्षण कार्यक्रमलाई अझै फराकिलो घेरामा बनाउनु आवश्यक देखिन्छ । यसको लागि निम्न लिखित सुझाव पेश गर्न चाहन्छौ ।

क) सार्वजनिक परिक्षणमा दुर्गम वस्ती देखिका स्थानीय सहभागिताको लागि आयोजकले बढि ध्यान दिनुपर्ने ।

ख) सार्वजनिक परिक्षण खुला चौर अथवा पिछडिएका वस्ती केन्द्रीत गर्नुपर्ने ।

ग) सार्वजनिक परिक्षण कार्यक्रम प्रत्येक वडा तहमा पुगेर गर्नुपर्ने ।

घ) सार्वजनिक परिक्षणबाट आएका सुझाव कार्यान्वयनको लागि छुट्टै समिति बनाउनुपर्ने ।

ङ) स्थानीयको सुझाव अभिलेखीकरण गर्नुपर्ने ।

**१२. निष्कर्ष :**

क) सार्वजनिक परिक्षणमा प्रस्तुत भएका निती कार्यक्रम र योजना समग्रमा सबै क्षेत्रलाई समेटेर तयार पारेको पाइयो ।

ख) स्थानीय श्रोत साधन र जनशक्तिले भ्याए सम्म निति कार्यक्रम र योजनाको व्यवस्थित ढंगले कार्यान्वयन गरेको पाइयो ।

सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक परिक्षण गर्ने कार्यक्रम प्रभावकारी बनेको

छ। नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारीतामा नियन्त्रण, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक परिक्षण प्रभावकारी देखिएको हो। सार्वजनिक निकायमा गर्दै आएका कामलाई अझै सेवाप्रवाहमा थप सुधार ल्याउने वातावरण सिर्जना गर्न पनि यो उपयुक्त छ। नागरिकको सबैभन्दा नजिकको र सबैभन्दा महत्वपूर्ण निकाय पनि स्थानीय सरकार हो। स्थानीय सरकारप्रति जनचासो देखाइनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो परिक्षण महत्वपूर्ण रहेको छ। नागरिकको गुनासो सार्वजनिक परिक्षणबाट सार्वजनिक निकायमा न्यायपूर्ण सहभागिता कायम गरी सुशासनको प्रत्याभूति दिलाउन तथा साशन प्रकृयामा सहभागिता बढाउन सार्वजनिक परिक्षणलाई वडा केन्द्रीत गर्नु र नियमित गर्नु आवश्यक छ। सार्वजनिक परिक्षणको निरन्तरताले सेवाप्रवाहमा नागरिक सरोकार र सेवा गुणस्तर अझै बढ्नेछ भने साशन प्रकृयामा पारदर्शिता अवलम्बनको लागि प्रभावकारी माध्यम बन्ने देखिन्छ।

## कार्यक्रमको फोटोहरु






गाउँपालिका,




















